# सञ्चारमाध्यममा प्रकाशित समाचार सम्बन्धी नेपाल ई पि एस सेन्टरको आधिकारिक धारणा

पछिल्लो समय नेपालको राष्ट्रिय मिडिया र केहि फेसबुक पेजमा यस नेपाल ई पि एस सेन्टर र यहाँको कर्मचारीलाई लिएर तयार गरिएको गलत, भ्रामक, अतिरञ्जित समाचार सम्प्रेषण र त्यसबाट जनमानसमा उत्पन्न भ्रमप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस नेपाल ई पि एस सेन्टरको **स्थानीय नेपाली कर्मचारी(local staff) लाई कार्यकारी प्रमुख पदमा रहेको भन्ने समाचार विल्कुलै गलत हो** । नेपाल ई पि एस सेन्टरको प्रमुख वा कार्याकारी प्रमुख पदमा जहिलेपनि एच आर डि कोरियाबाट पठाइएका एच आर डि कोरियाको स्थायी कर्मचारी (दक्षिण कोरियाली नागरिक) मात्र नियुक्त हुन्छन् । समाचारमा भने जसरी कुनै पनि स्थानीय नेपाली कर्मचारी (local staff) सेन्टर प्रमुख वा कार्यकारी प्रमुखको पदमा नियुक्त हुन पाउदैनन् ।

**<u>२०२३ देखिका ई पि एस सेन्टरका प्रमुखहरु</u>**

२०२३ किम उन् दक्

२०२४~२०२५ किम गिसु

२०२६ किम जङ साम

राहदानी विवरण मागको सन्दर्भमा यस कार्यालयको कार्य प्रकृति, प्रणालीको प्रकृया जाँच, आदि गर्ने क्रममा राहदानी विवरण माग गर्न सकिन्छ (रेकर्ड यस सेन्टरसँग सुरक्षित हुन्छ) । तर, श्रमिकलाई कम्पनीमा सिफारिस (फाइल पठाउन) वा आर्थिक लाभ लिन राहदानी विवरण मागिएको होइन र **श्रमिकलाई कम्पनीमा सिफारिस (फाइल पठाउने) गर्ने काम नेपाल ई पि एस सेन्टर, एच आर डि कोरियाको कार्यक्षेत्रमा नपर्ने विषय पुनः स्पष्ट गर्न चाहन्छौं ।**

नेपाल ई पि एस सेन्टरको कर्मचारीको अनियमितताको विषयको सन्दर्भमा कानुनभन्दा माथि कोहि छैन । नेपाल ई पि एस सेन्टरले कानुनी निकायको सहकार्यमा अनुसन्धान सुरु गर्ने छ । दोषी साबित भएमा दण्ड, सजाय हुने नै छ तर यदि झुठा अफवाह, गलत सुचना फैलाउने कार्य गरेको प्रमाणित भएमा यस सेन्टरले त्यस्ता व्यक्तिहरुलाई समेत कानुनी दायरामा ल्याउने जानकारी गराइनेछ ।

साथै आन्दोलनरत पक्षका मागहरुलाई लिएर नेपाल ई पि एस सेन्टरले एकाधिकार रुपमा निर्णय लिन सक्दैन । नेपाल सरकारले गणतन्त्र कोरिया सरकारलाई कुटनैतिक तहबाट माग गरिसकेको र गणतन्त्र कोरिया सरकारबाट रोजगार अनुमति प्रणाली लागु भएका १७ वटै देशमा सम्बन्धित ऐन कानुन समान रुपमा लागु हुने व्यहोरा जानकारी गरिसकेको छ ।

रोजगार अनुमति प्रणाली र नेपाल ई पि एस सेन्टर सम्बन्धी अपूष्ट सूचना, अफवाह तथा भ्रामक सामग्री साथै अप्रमाणित विषयवस्तु उद्धृत गर्दै भ्रामक र तथ्यहिन समाचार सम्प्रेषण नगर्न नगराउन सबैमा अनुरोध छ ।

२०२६.०६.०१

**किम जङ साम**

**नेपाल ई पि एस सेन्टर प्रमुख**
**ग्वार्को**
**०१-५४२०४४५**

HRDK
네팔 EPS센터
Nepal EPS Center